नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-९१

चलानी नं. : २२९

CDS and Clearing Ltd.

# प्रेस विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) कार्यान्वयन सम्वन्धी पूँजी बजार र विभिन्न सञ्चार माध्यममा अस्पष्ट समाचार प्रकाशित भई लगानीकर्तामा पर्न गएको अन्योलता प्रति सिडिएससिको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) बाट जारी गरिएको निर्देशानुसार मिति २०७१/०६/२० देखि प्रथम चरणमा "क" वर्गका वाणिज्य बैंकहरुको धितोपत्रको कारोबारको नामसारी प्रकृया Demat प्रणालीबाट मात्र हुने सम्बन्धमा "भौतिक रुपमा रहेका धितोपत्र खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१" अनुसार धितोपत्रहरु अभौतिकीकरण (Dematerialization) भईरहेको जानकारी सम्पूर्ण लगानीकर्ताहरु तथा सरोकारवालाहरुलाई सिडिएससि सूचित गराउन चाहान्छ ।

नेप्सेमा सूचीकृत २३३ कम्पनीहरु मध्ये ११८ कम्पनीहरुको मात्र निवेदन प्राप्त भएकोमा ५९ कम्पनीहरुसंग मात्र धितोपत्र अभौतिकीकरणको सम्झौता भएको, लगानीकर्ता माझ सिडिएससिको सेवा प्रदान गर्न अधिराज्यभरी निक्षेप सदस्य (DP) संजाल विस्तार गर्न DP हरुलाई अझ केही थप समय लाग्ने र नेपालको पूँजी वजारमा करिव दश लाख लगानीकर्ता रहेकोमा हालको अवस्थामा सिडिएससिमा १८०९ वटा मात्र हितग्राही खाता खोली १,७२,२८,४८,००० कित्ता धितोपत्र मध्ये १,८२,९३४ कित्ता मात्र अभौतिकीकरण भएको अवस्थामा धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३४ बमोजिम मिति २०७१/०७/०२ देखि सम्पूर्ण कारोवार Demat प्रणालीमा मात्र गर्दा दोस्रो बजारमा नराम्रो प्रभाव पर्न गई नेपालको पूँजी बजारमा नकारात्मक असर पर्ने देखिएकोले लगानीकर्ताहरुको हक हितका लागि सिडिएसिले देहाय बमोजिमको कार्य योजना नेपाल धितोपत्र बोर्ड समक्ष पेश गरेको छ :

१. प्रथम चरणमा "क" वर्गका वाणिज्य बैंकहरुको मिति २०७१।०६।२० गते र अन्य सबै समूहका कम्पनीहरुको मिति २०७१।७२ गते देखि भौतिक रुपमा रहेका धितोपत्र खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१ अनुसार गरिनेछ ।
२. मिति २०७१।१०।२ गते देखि "क" वर्गका वाणिज्य बैंकहरुको कारोबार र राफसाफ तथा फछ्र्यौट पूर्ण रुपमा अभौतिक रुपमा मात्र गरिनेछ ।
३. मिति २०७१।११।१ गते देखि विकास बैंक, लघुवित्त विकास बैंक र बीमा समूहका कम्पनीहरुको कारोवार र राफसाफ तथा फछ्र्यौट पूर्ण रुपमा अभौतिक रुपमा मात्र गरिनेछ ।
४. मिति २०७२।१।२ गते देखि वित्त, होटल, हाईड्रो, म्यानुफ्याक्चरिङ्ग एण्ड प्रोसेसिङ्ग, ट्रेडिङ्ग र अन्य गरी सबै समूहका कम्पनीहरुको कारोबार र राफसाफ तथा फछ्र्यौट पूर्ण रुपमा अभौतिक रुपमा मात्र गरिनेछ ।

सिडिएससिमा आवद्ध भएपछि प्रमाणपत्र हराउने, च्यातिने, नाश हुने जस्ता समस्याहरु समाधान भई फछ्र्यौट चक्रमै नामसारी हुने र सुरक्षित, भरपर्दो र विश्वसनीय कारोबार भई धितोपत्र बजार थप व्यवस्थित हुने हुँदा Demat खाता खोली आफ्नो धितोपत्र Demat गरी सिडिएससि मार्फत् कारोबार गर्न सम्पूर्ण लगानीकर्ता तथा सरोकारवालालाई आह्वान गर्दछौं ।

मिति : २०७१/०६/२७

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com